जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक १०६ | २०७९ साल मंसिर ६ गते मंगलबार (22 Nov. 2022 Tuesday) | मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : देशभरका शिवालयमा ... ३ पृष्ठमा : कोरोना, डेंगु र ... ३ पृष्ठमा : इरानले विश्वकपमा कतारलाई ...

# सप्तरी क्षेत्र नं. २ मा सीके दोब्बर भन्दा बढी मतले अगाडी

## प्रदेशसभा १ र २ मा पनि जनमतकै सतिश र महेशको फराकिलो अग्रता







**दैनिक समाचारदाता**
**राजविराज, ५ मंसिर ।**

नेपालमै निकै चासोका साथ हेरिएको सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. २ मा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउत जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवसँग दोब्बर भन्दा बढी मतले अग्रता हासिल गरिरहेका छन् ।

पछिल्लो मतपरिणाम अनुसार उनी जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार उपेन्द्र यादवभन्दा दोब्बर भन्दा बढी मतले अगाडी देखिएका हुन् । मतगणनामा डा. राउतले ११ हजार १ सय ४७ मत प्राप्त गरेका छन् भने उनलाई पच्छ्याउँदै गरेका उपेन्द्रले ५ हजार ५ सय ७३ मत प्राप्त गरेका छन् ।



मतगणनाका क्रममा तेश्रो स्थानमा रहेका सत्तारुढ गठबन्धनका साझा उम्मेदवार लोसपाका जयप्रकाश ठाकुरले २ हजार २३ मत प्राप्त गरेका छन् । करिब ३० हजार मत गन्न बाँकी रहेको र अन्तिम परिणाम मंगलबार साँझसम्म मात्र आउने अनुमान गरिएको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जानकारी दिएका छन् ।

यस क्षेत्रमा ९५ हजार ३ सय ९४ मतदाता छन् । जसमध्ये ६४ हजार ५ सय ६० जनाले मतदान गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यस क्षेत्रमा २०७४ मा जितेका उपेन्द्र जित दोहोर्‍याउने आशमा रहेको जसपाका कार्यकर्ताहरु बताउँछन् । यद्दपी हालसम्म यस क्षेत्रमा सांसद दोहोरिएको इतिहास छैन् । प्रारम्भिक रुझानले पनि त्यस्तै संकेत गरिसकेको राजनीतिक विश्लेषकहरु बताउँछन् ।

यसै क्षेत्रको प्रदेशसभा २ को १ मा जनमत पार्टीकै सतिश सिंह १० हजार ८ सय ३२ मत प्राप्त गरि अग्रस्थानमा छन् । उनलाई पच्छ्याइरहेका जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले ५ हजार २ सय ८ मत प्राप्त गरेका छन् । अहिले तेश्रो स्थानमा रहेका सत्तारुढ गठबन्धनका साझा उम्मेदवार लोसपाका सरोजकुमार मण्डलले ४ हजार १ सय ७१ मत प्राप्त गरेका छन् ।

यस्तै प्रदेशसभा २ को २ मा पनि जनमत पार्टीकै महेश प्रसाद यादव ९ हजार २० मत प्राप्त गरि अग्रस्थानमा छन् । यहाँ सत्तारुढ गठबन्धनका साँझा उम्मेदवार माओवादी केन्द्रका उमेश कुमार यादव ४ हजार ७ सय ८६ मत प्राप्त गरि उनलाई पच्छ्याइरहेका छन् । यस्तै जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार लक्षमण यादवले १ हजार ३ हजार ९ सय ७४ मत ल्याएका छन् ।

जिल्लाकै प्रतिनिधिसभा क्षेत्र नं. १ मा एमाले-जसपा गठबन्धनका साझा उम्मेदवार मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साह २ हजार २ सय ५२ मत प्राप्त गरि अग्रता लिएका छन् भने सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली काँग्रेसका रामदेव साह २ हजार १ सय १४ मत ल्याई उनलाई पच्छ्याइरहेका छन् ।

प्रतिनिधिसभा क्षेत्र नं. ३ मा सत्तारुढ गठबन्धनका उम्मेदवार नेपाली काँग्रेसका दिनेश कुमार यादव ५ सय १९ मत ल्याई अग्रता लिएका छन् भने ३ सय ७ मत ल्याई जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार ताराकान्त चौधरी उनलाई पच्छ्याइरहेका छन् ।

यस्तै प्रतिनिधिसभा क्षेत्र नं. ४ मा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली काँग्रेसका तेजुलाल चौधरी १ सय २३ मत ल्याई अग्रता लिएका छन् भने

*बाँकी तीन पृष्ठमा*

## अघिल्लो चुनावभन्दा करिब सात प्रतिशत बिन्दुले न्यून मतदान

काठमाडौँ, ४ मङ्सिर (रासस) ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि अघिल्लो पटकभन्दा यसपटक कम मतदान भएको छ ।

निर्वाचन आयोगको प्रारम्भिक विवरणअनुसार यसपटक ६१ प्रतिशत मतदान भएको छ । जुन निर्वाचन आयोगले गरेको अपेक्षाभन्दा न्यून हो । विसं २०७४ मा मङ्सिर १० र २१ गते गरी दुई चरणमा गरिएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा ६८ दशमलव ६७ प्रतिशत मतदान भएको आयोगको विवरण छ । यसपटकको निर्वाचनमा भएको मतदानको प्रारम्भिक विवरण हेर्दा अघिल्लो पटकभन्दा सात दशमलव ६७ बिन्दुले न्यून मतदान भएको देखिएको हो ।

त्यस्तै, यो निर्वाचनमा गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनको तुलनामा पनि न्यून मतदान भएको देखिन्छ । स्थानीय तहको निर्वाचनमा ६६ दशमलव ८६ प्रतिशत मत खसेको थियो ।

विसं २०७४ को चुनावमा अन्तिम मतदाता नामावलीमा नाम रहेका मतदाताको सङ्ख्या एक करोड ५४ लाख २७ हजार नौ सय ३८ थियो । जसमध्ये एक करोड पाँच लाख ९३ हजार नौ सय ९१ मतदाताले आफ्नो मताधिकार प्रयोग गरेका थिए ।

यसपटकको चुनावमा अन्तिम मतदाता नामावलीमा रहेका मतदाताको सङ्ख्या एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० रहेको थियो । प्रतिनिधिसभा र प्रदेशसभाको अघिल्लो चुनावमा भन्दा यसपटक थपिएका मतदाताको सङ्ख्या २५ लाख ६० हजारभन्दा बढी छ ।

निर्वाचन आयोगका अनुसार आइतबार केही स्थानको चुनाव भने स्थगित भएको छ । नवलपरासी पूर्वको देवचुली नगरपालिका-४ को शान्ति सिर्जना आधारभूत विद्यालय, सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका-६ सिम्ता बहुमुखी क्याम्पस, गुल्मी जिल्लाको कालीगण्डकी गन्या भगवती मावि अर्वेनी र बाजुरा जिल्लाको बुढीनन्दा नगरपालिका नन्देश्वरी मावि पिपलचौरलगायत अन्य आठ स्थानसमेत गरी कूल १५ मतदान स्थलमा मतदान स्थगन भएको आयोगले जनाएको छ ।

## सउवा संघ र मारवारी सेवा समितिद्वारा गम्भिर ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, ४ मंसिर ।**

सप्तरी उद्योग बाणिज्य संघले संघका सल्लाहकार तथा प्रवक्ता बैजनाथ जोशीमाथी भएको अभद्र व्यवहार तथा गाली बइजती घटनाप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

संघका अध्यक्ष लालु प्रसाद अग्रवालले सोमबार एक विज्ञप्ति जारि गर्दै सल्लाहकार तथा प्रवक्ता जोशीमाथी सप्तरीको विष्णुपुर गाउँपालिकाका वडा अध्यक्ष बलराम यादवले अभद्र व्यवहार तथा गाली बेइजती गरेको घटनाप्रति घोर भर्त्सना गर्दै दोषिमाथी कडा कारवाही गर्न स्थानिय प्रशासनसँग जोडदार माग गरेका छन् ।

यस्तै मारवारी सेवा समिति राजविराजका अध्यक्ष सुरेश कुमार रुंगटाले पनि सोमबारै एक विज्ञप्ति जारि गर्दै समितिका महासचिव समेत रहेका बैजनाथ जोशीमाथी गरेको अभद्र व्यबहार र गाली बेइजती घटनाप्रति ध्यानाकर्षण जनाउँदै दोषीमाथी कडा कारवाहीको माग गरिएको छ ।

## सम्पादकीय ....

# परिवर्तनको संकेत

मंसिर ४ गते सम्पन्न प्रतिनिधि र प्रदेशसभा निर्वाचनले नेपालको राजनीतिमा परिवर्तनको संकेत देखाएको छ। सम्पन्न निर्वाचनको मतगणनाको प्रारम्भिक मतपरिणाम अनुसार मुलुकको हरेक क्षेत्रमा नयाँ राजनीतिक पार्टी र यूवाहरुलाई जनताले चाहेको संकेत देखाएको छ। बागमति प्रदेशमा स्वतन्त्र पार्टी, मधेश प्रदेशमा जनमत पार्टी र पश्चिम नेपालमा रेशम चौधरी नेतृत्वको पार्टीले जनताको अभिमत पाउने संकेत देखाएको छ। यसबाहेक अधिकांश क्षेत्रमा स्वतन्त्र उम्मेदवारहरुले पनि अग्रसरता लिएको छ। यसरी यस निर्वाचनमा नेपालमा स्थापित तथा पुराना पार्टीहरुको उम्मेदवारप्रति जनता कम रुचाएको संकेत समेत देखाएको छ। यूवाहरुको नयाँ जमातलाई प्रतिनिधिसभामा ल्याएर नयाँ नेपालको परिकल्पनालाई नयाँ रुपले लैजान मतपरिणामको प्रारम्भिक रुझानले देखाएको छ।

यस्तै मधेश प्रदेशको सप्तरी जिल्लामा भने डा. सीके राउत नेतृत्वको जनमत पार्टीले अप्रत्यक्ष नतिजा ल्याउने संकेत पनि देखाएको छ। सप्तरीमा मात्र नभएर प्रदेशभरी नै जनमतले आफ्नो पकड बलियो बनाउँने संकेत देखिएको छ। सप्तरीमा भने अप्रत्यक्ष नजिता ल्याउने जनमतले समानुपातिकतर्फ पनि मत ल्याउनुका साथै अन्य स्थानमा पनि कडा टक्कर दिइरहको देखिएको छ। जनताले नयाँ अनुहारलाई मौका दिएर देश निर्माणमा सहयोग गर्ने मौका दिएको छ। अहिले सबै स्थानमा प्रारम्भिक रुझानले राजनीतिक बृतमा हडकम्प मचाएको छ। यही रुझान अन्तिम मतपरिणाममा परिणत हुन सके जनताले पक्कै पनि परिवर्तनको पक्षमा रहेको बुझ्न सकिनछ।

स्थापित राजनैतिक दलका नेताहरु मतपरिणामलाई पार्टी पुर्ननिर्माण र नयाँ सोचका साथ नयाँ एजेण्डालाई लिएर जनता सामु प्रस्तुत गर्नको विकल्प छैन्। तसर्थ निर्वाचनमा एकको बिजयी र अर्को पराजय स्वभाविकै रहेकोले आउँदो दिनहरुमा ती पार्टीहरुले नयाँ सोचका साथ अगाडी बढ्नु नै बुद्धिमानी हुन्छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# देशभरका शिवालयमा महादीपान सुरु, पशुपति क्षेत्रमा लाखौँ भक्तजन

काठमाडौँ, ५ मङ्सिर (रासस)।

पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा दिवङ्गत पितृको सद्गतिको कामना गर्दै महादीपदान सुरु भएको छ। प्रत्येक वर्ष मार्गशीर्षकृष्ण त्रयोदशीका दिन पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा दिवङ्गत पितृको सद्गतिको कामना गर्दै महादीपदान पर्व मनाइन्छ। यो पर्वलाई पशुपतिनाथ मेलाका रूपमा समेत चिनिन्छ। महादीपदान गर्न सोमबार बिहानदेखि पशुपति क्षेत्रमा भक्तजनको चहलपहल सुरु भएको थियो।

मार्गशीर्ष कृष्ण त्रयोदशीका बिहानदेखि भेला भएका भक्तजनले अहिले बेलुकी विधिपूर्वक पितृका नाममा बत्ती बाल्न थालेका छन्। चतुर्दशीका दिन मङ्गलबार बिहान भने दिवङ्गत पितृको सद्गतिको कामना गर्दै शतबीज छरिन्छ। त्रयोदशीको बेलुकीदेखि दिवङ्गत पितृका नाममा अखण्ड महादीपदान गरी बसेका भक्तजनले चतुर्दशीको बिहान पितृको सद्गतिको कामना गर्दै शतबीज छर्ने परम्परा छ।

दिवङ्गत पितृका नाममा महादीपदान गर्न लाखौँ भक्तजन पशुपति क्षेत्रमा आएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। बत्ती बाली भक्तजन रातभर शिवालयमा जाग्राम बस्छन्। सोमबार रातभर दीपदान गरी बसेका भक्तजनले मङ्गलबार बिहानै पितृको सम्झनामा शतबीज छरी बालाचतुर्दशी पर्व मनाउँछन्।

प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्व मनाउन देशका विभिन्न स्थानबाट भक्तजन पशुपतिनाथमा आउँछन्। बत्ती बाल्न बस्ने ठाउँ रोक्न बिहानैदेखि देशका विभिन्न स्थानबाट आएका भक्तजनको पशुपतिमा भीड लाग्ने गरेको हो। जाडोको मौसम भएकाले पाललगायत व्यवस्था गरिएको कोषले जनाएको छ। पशुपति क्षेत्रमा सोमबार बिहानैदेखि सुरक्षाकर्मीलगायतको बाक्लो उपस्थिति रहने गरी व्यवस्था मिलाइएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो।

आफ्नो परिवारभित्रका दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै एक सय आठ शिवलिङ्ग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप र किराँतेश्वर आदि ठाउँमा शतबीज छर्ने गरिन्छ। बालाचतुर्दशीको पूर्वसन्ध्या मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन राति भक्तजनले पशुपतिनाथको मन्दिर वरपर बसी दिवङ्गत आत्माका नाममा महादीप बाली भजनकीर्तन र लोक झाँकी प्रस्तुत गरी रात बिताउँछन्।

शतबीज भनिए पनि हाल सप्तबीज (धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो) छर्दै मृगस्थलीमा रहेका बहिरा गणेश नजिक आइपुगेपछि उक्त गणेशको शिलालाई हल्लाउँदै ठूलो स्वरले दिवङ्गत आत्माले पाउने गरी सन्देश पुऱ्याउन अनुरोध गरिन्छ। हेमाद्रि नामक धर्मग्रन्थमा उल्लेख गरिएअनुसार शतबीज भन्नाले धानका सय गेडा छर्नुपर्ने अरू अन्न होइन भन्नुहुन्छ, धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम।

"भगवान् शिव मृगरूप लिएर घुम्नुभएको पुण्यक्षेत्रमा सोमबारका दिन एक गेडा बीज छर्दा एक गेडा सुन दान गरे बराबरको पुण्य मिल्ने र दिवङ्गत आत्माले पनि मुक्ति पाउने चर्चा विभिन्न धर्मग्रन्थमा गरिएको छ", उहाँले भन्नुभयो।

वाग्मती किनारको मृगस्थलीमा भगवान् शिव मृगरूप धारण गरेर विहार गर्नुभएको थाहा पाई त्यस शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमको बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगहरू आउँदा सो बथानमा भगवान् शिवलाई पार्वतीले चिन्न सकेको किंवदन्ती छ।

यसैगरी बालाचतुर्दशीसँग जोडिएको अर्को एउटा कथा पनि छ। सो कथाअनुसार उहिले पशुपतिको मुर्दाघाटमा बस्ने 'बालानन्द' नामका एक मानिस खाजा खान लाग्दा त्यसै बखत पोलिएको शवको टाउको फुट्न गई उछिट्टिएको गिदी उनको च्युरामा परेको थियो। सो गिदीसँगै च्युरा खाँदा झन् मीठो भएकाले त्यसै बेलादेखि उनी मुर्दाको गिदी खान पल्किए।

त्यसपछि मानिसको गिदी खाने तथा लामालामा दाह्री, जुँगा र कपालले गर्दा मानिस डराई उसलाई बालासुर राक्षस भन्न थालेको र त्यसै बखत उसको राम्रो परिचय पाएका एकजना थकाली बूढाको सल्लाहअनुसार स्थानीय बासिन्दाले बालासुरको मित वृषसिंहमार्फत् उसलाई मार्न लगाएको कथा पनि प्रचलित छ।

आफ्ना मितको हत्याबाट छट्पटाएका वृषसिंहलाई एक रात सपनामा भगवान् शिवजीले दर्शन दिई शतबीज छर्ने आज्ञा दिनुभएको थियो। मार्गकृष्ण चतुर्दशीका दिन श्लेषमान्तक वनको वरिपरि शतबीज छर्दा बालासुर वैतरणी तरेर गएकाले त्यसै बेलादेखि यस दिनलाई बालाचतुर्दशी भनी दिवङ्गत आत्माको शान्तिका लागि शतबीज छर्ने गरिएको हो।

मातापिता दिवङ्गत भई एक वर्ष पूरा नभएकाले भने शास्त्रीय रूपमा दीपदान एवं शतबीज रोपण गर्नुनहुने धर्मशास्त्रविद् गौतमले सुनाउनुभयो। धर्मसिन्धु नामक ग्रन्थमा बरखी बारेकाले शिवको पूजाआजा त परको कुरा नामसमेत लिनु नहुने उल्लेख गरिएको छ। यस अवसरमा पशुपति क्षेत्र पुग्ने भक्तजनले वासुकी र गुह्येश्वरीको पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको जनाइएको छ।

पशुपतिनाथसँगै राजधानीका गोकर्णेश्वर, डोलेश्वर, वसन्तपुरस्थित सानो पशुपतिनाथलगायत शहर बजारका अन्य शिवालयमा पनि भक्तजनको भीड लागेको छ। जुनसुकै शिवालयमा पनि महादीपदान एवं शतबीज छर्न सकिने पण्डित श्रीराम सापकोटा बताउनुहुन्छ।

पशुपति क्षेत्रमा महादीपदान गर्न आउने भक्तजनसँग कुनै शुल्क नउठाइने कोषले जनाएको छ। कोषले शुल्क नलिने भए पनि केही मानिसले भक्तजनसँग शुल्क उठाउने गरेको सूचना पाएकाले महादीपदान छोडेर जाने भएमात्र कोषका तर्फबाट रु एक हजार पाँच सय पाँचको रसिद काट्न आह्वान गरिएको संस्कृति संरक्षण महाशाखा प्रमुख उपनिर्देशक गौरीशङ्कर पराजुलीले राससलाई जानकारी दिनुभयो।

सोमबार रातभर आफैँ महादीपदान कुरेर बस्ने भक्तजनले कुनै शुल्क तिर्नुनपर्ने उहाँले बताउनुभयो। दीप कुरेर बस्ने भक्तजनसँग कसैले पैसा मागेमा प्रहरीलाई खबर गर्न पनि उपनिर्देशक पराजुलीले अनुरोध गर्नुभएको छ। यस्तो समूहलाई कानुनबमोजिम कारबाही गरिनेछ।

पशुपति क्षेत्रमा अग्नि नियन्त्रकको व्यवस्था गरिएको छ। दीपदानको पर्व भएकाले आगलागीको सम्भावित खतरा नियन्त्रणका लागि अग्नि नियन्त्रक यन्त्रको व्यवस्था गरिएको हो। यसैगरी महादीपदान गर्न आउने भक्तजनका लागि पर्याप्त मात्रामा त्रिपालको व्यवस्था गरिएको छ। भक्तजनलाई चिसो नहोस् भनेर गत वर्षभन्दा बढी त्रिपालको व्यवस्था गरिएको हो। मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बिहान स्नान गर्न भक्तजनका लागि विभिन्न स्थानमा अस्थायी धाराको व्यवस्था पनि गरिएको छ।

यसैगरी लाखौँ भक्तजनका लागि ठाउँठाउँमा अस्थायी शौचालय स्थापना गरिएको छ। बिहान बेलुका जाडो बढेकाले पशुपति क्षेत्रका विभिन्न स्थानमा धुनी जगाउन दाउराको व्यवस्था गरिएको छ। भष्मेश्वर, बोडेपाटी, रामन्दिर, बाहिरी पश्चिम मूल ढोकालगायत स्थानमा धुनी जगाइने कोषका प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।

### सप्तरी क्षेत्र ...

जनमत पार्टीका उम्मेदवार सुकदेव प्रसाद साह १ सय २ मत ल्याई उनलाई पच्छ्याइरहेका छन्।

यता जिल्लाको चार वटै निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा कडा सुरक्षाबीच मतगणना कार्य भइरहेको छ। मतगणनास्थललाई तारजालीले घेरवार गरि उम्मेदवार, उम्मेदवारका प्रतिनिधि र संचारकर्मीलाई प्रवेश गर्न दिइएको छ भने सीसी क्यामरा तथा ब्यापक रुपमा सुरक्षाकर्मी परिचालन गरि सुरक्षा ब्यवस्था कडा पारिएको छ।


डा. कालीप्रसाद यादव
M.B.B.S., MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# कोरोना, डेंगु र पेन्डोराको पुनर्जन्म

प्रकाशप्रसाद उपाध्याय




दसैं, तिहार एवम् छठ पर्वको रौनक समाप्त भएको छ। सबै आ-आफ्ना काम र व्यवसायमा फर्किसकेका छन्। काठमाडौंका सडकमा वाहन र मानिसहरूको संख्यामा निरन्तर वृद्धि भइरहेको छ। सार्वजनिक यातायातका वाहनमा यात्रीको घुइँचो देखा पर्न थालिसकेको छ। जन-जीवनले सामान्य रूप लिएको बुझिन्छ।

विगत केही सातादेखि कोभिड-१९को विन्दुरेखाबाट संक्रमण र मृत्युदर घटिरहेको सुखद संकेत पाइँदैछ। यद्यपि बेला-बेलामा यस विन्दुरेखाले उकालो चढेको वा मृतकहरूको सम्बन्धमा समाचार सुन्नु परे पनि यस पालीको लहर पहिलेको लहरसरह गम्भीर देखिएको छैन। यसको प्रमुख कारण सुरक्षा कवचको रूपमा मानिसहरूले लगाएका खोप र बुस्टर डोज हुन सक्तछ।

तर विश्व स्वास्थ्य संगठनले जारी गरेको एउटा सूचनाअनुसार आउँदो जाडोको मौसममा रुघा-खोकीका साथ कोरोनाको संक्रमण बढ्ने पूरा सम्भावना छ। अब जाडोको मौसम सुरु भइसकेको हुँदा मौसममा प रिवर्तन हुन थालेको छ तर देश अहिले पनि पूर्ण रूपमा कोरोनामुक्त नभइसकेको हुँदा नाक-मुखलाई ढाक्नको निम्ति मास्क लगाउनु, हातलाई सेनेटाइजर दल्दै किटाणुको संक्रमण हुनबाट जोगाउनु र आफूलाई चिसोबाट जोगाउनु हितकर हुनेछ।

यसको अतिरिक्त अहिले सबैका लागि चिन्ताको ठूलो कुरो भएको छ डेंगु, जसको उच्चारण डेंगीको रूपमा पनि गर्ने गरिन्छ। एउटा विशेष खालको लामखुट्टेको टोकाईबाट यो रोग फैलिने गर्दछ। यसले देशभरि भय र त्रासको वातावरण उत्पन्न गरिरहेछ। किनभने यसको उपचार छैन अरे।

डाक्टरहरूका भनाइअनुसार ज्वरो घटाउने औषधि, तरल पदार्थको बढी सेवन र विश्राम नै यसको उपचार हो। बाहिर ननिस्की नहुनेले लामखुट्टेको टोकाईबाट आफूलाई जोगाउन विशेष खालको मलम लगाउनु र राति सुत्दा झुलभित्र सुत्नु नै यसबाट जोगिने उपाय हो पनि भनिन्छ।

वैज्ञानिकहरूले मानव कल्याणका लागि जब हैजा, औलो ज्वरो, टीबी, प्लेग, टिटानस, डिप्थेरिया, पोलियो, प्यारालाइसिस, विफर, कोभिड-१९ जस्ता भयावह संक्रामक र प्राणघातक रोगहरूको खोप वा खाने औषधिको आविष्कार गरे। तर डेंगुको हालसम्म खोप बनेको छैन।

खुशीको कुरा अमेरिकी शोधकर्ताहरूले डेंगु रोगको निराकरणका लागि पनि खोप निकाल्ने अभियानमा सफलता पाएको खबर आएको छ। तर यस क्षेत्रमा यो कहिलेसम्म आइपुग्ने हो यो एउटा यक्ष प्रश्न भएको छ।

किशोरावस्थाको स्कूले जीवनमा हामीले एउटा कथा पढेका थियौं। शीर्षक थियो- पेन्डोरा बक्स। विश्वभरिका मानिसहरू जसरी विभिन्न किसिमका भाइरस र विषाणुहरूको संक्रमणबाट ग्रस्त भई वृहत् स्तरमा ज्यान गुमाइरहेका छन् र नयाँ-नयाँ प्राणघातक रोगहरूका सिकार हुन थालेका छन्, त्यसले गर्दा आज त्यस पेन्डोराको सम्झना हुन थालेको छ। पेन्डोरा बक्स जसले खोलेको थियो, उसको बाकस भित्रबाट विभिन्न थरिका रोगका विषयुक्त किटाणुहरू निस्केका थिए अरे।

अहिले पनि देशमा डेंगुको संक्रमण दर बढिरहेकै छ, मानिसहरूमा कोभिड-१९को त्रास सकिएको छैन, चीनलगायत अनेक देशहरूमा जसरी यसको लहर कायमै छ। त्यसलाई हेर्दा कतै यो पेन्डोराले खोलेको बाकसको दुष्प्रभाव त होइन भन्ने भाव उत्पन्न हुन्छ।

आम भाषामा कोभिड-१९ भनिए पनि विभिन्न देशहरूमा यसले बेग्ला-बेग्लै नाउँ पाइराखेको छ, जस्तै ब्रिटेनको यस प्रजातिले अल्फा, दक्षिण अफ्रिकाको प्रजातिले बिटा, ब्राजिलमा गामा र भारतको लाई डेल्टा नाउँ दिइएको छ भने नेपालमा देखिएको प्रजातिलाई डेल्टा र कप्पाको नाउँ दिइयो। कुनै देशमा यो इबोला पनि भनिन्छ।

यसरी यसले ठाउँ र जलवायुअनुसार आफ्नो नाउँ पनि नयाँ-नयाँ पाएको छ। कोरोनाका विभिन्न जात र भेरियन्टसले नपुगेर, मङ्कीपक्स, सार्स-२, बर्ड फ्लु, स्वाइन फ्लुजस्ता विभिन्न किसिमका विषाणु र भाइरसहरूको जन्म र प्रसारले समेत मानव जातिसामु नयाँ-नयाँ चुनौती उत्पन्न गरिरहेका छन्। मानव जातिलाई भयाक्रान्त पारिरहेका छन्।

यी सबैलाई हेर्दा कतै पेन्डोराले पुनर्जन्म लिएर मानव जातिको अस्तित्वमाथि नै संकट त उत्पन्न गरिरहेको होइन भन्ने विचार पनि उत्पन्न हुने गर्दछ। तर सतर्कता अपनाउँदै, स्वच्छताको नियमहरूको पालन गर्दै र अस्वस्थता अनुभव हुनासाथ समयमा औषधि उपचार गराउँदै हामीले यस चुनौतीको सामना गर्न र आफूलाई सुरक्षित राख्न सक्तछौं। रातोपाटीबाट

# हावाहुरीका कारण उपल्लो डोल्पाबाट मतपेटिका ल्याउन सकिएन

जाजरकोट, ५ मङ्सिर (रासस)।

डोल्पाका आठवटा स्थानीय तहमध्ये दुईवटा स्थानीय तहको मतपेटिकामात्र सदरमुकाम पुगेको छ।

जिल्लाको ठूलीभेरी र त्रिपुरासुन्दरी नगरपालिकाका मतपेटिकामात्र सदरमुकाम पुऱ्याइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

सदरमुकामदेखि एक दिन लाग्ने तल्लो डोल्पाका जगदुल्ला र मुड्केचुला गाउँपालिकाका मतपेटिका भोलि बिहान मात्र सदरमुकाम पुग्ने बताइएको छ।

बाइसमध्ये १९ ठाउँ अझै बाँकी रहेको जिल्ला निर्वाचन कार्यालय डोल्पाका प्रमुख रामबहादुर सार्कीले जानकारी दिनुभयो। सोमबार हावाहुरी बढी चलेका कारण मतपेटिका सदरमुकाम ल्याउन नसकिएको सार्कीको भनाइ छ।

भौगोलिक रुपमा विकट भएकाले तीनवटै स्थानीय तहका मतपेटिका नेपाली सेनाको हेलिकप्टरबाट ल्याइने व्यवस्था मिलाइएको छ। भारी हिमपात भएका कारण उपल्लो डोल्पाका मतपेटिका, कर्मचारी र सुरक्षाकर्मीहरु समेत हेलिकप्टरकै सहयोगमा उपल्लो डोल्पा पुऱ्याइएको थियो।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## विश्व समाचार

# इरानले विश्वकपमा कतारलाई दैनिक २५० टन खाद्यान्न र कृषिजन्य वस्तु निर्यात गर्दै

तेहरान, ५ मङ्सिर, (रासस-सिन्ह्वा)।

इरानले फिफा विश्वकपमा कतारमा प्रतिदिन २५० टन खाद्यान्न र कृषि उत्पादन निर्यात गर्ने इरानको ट्रेड प्रमोशन अर्गनाइजेसन (टीपीओ) प्रमुखले आइतबार जानकारी दिएका छन्। इरानले दुई देशबीचको सम्झौता अनुसार कतारमा केही ढुवानी सुरु गरिसकेको इरानको आईआरआईवी समाचार एजेन्सीले टीपीओका अध्यक्ष अलिरेजा पेमनपाकलाई उद्धृत गर्दै उल्लेख गरेको छ। कतारलगायत छिमेकीहरूसँगको व्यापार बढाउनु वर्तमान इरानी सरकारको मुख्य दृष्टिकोण रहेको पेमनपाकले जोड दिएका छन्। पेमनपाकले भने यसअघि इरान र कतारबीचको व्यापारिक सम्बन्ध उपयुक्त भन्सार र यातायात पूर्वाधारको अभावमा आंशिक रूपमा समाधान भइसकेको भए पनि अन्य समस्याका कारण अपेक्षाकृतरूपमा विकास हुनसकेको छैन। उनले इरान र कतारले आफ्नो वार्षिक द्विपक्षीय व्यापार कारोबारलाई तीन अर्ब अमेरिकी डलरमा पुऱ्याउने रोडम्याप तयार गरेको पनि बताएका छन्।

# चीन र रुसद्वारा श्रव्य दृश्य आदानप्रदान कार्यक्रम सुरु

मस्को, ५ मङ्सिर, (रासस-सिन्ह्वा)।

चीन र रुसले आइतबार भिडियो लिङ्गमार्फत "श्रव्य दृश्यसञ्चार सप्ताह-२०२२" को प्रमुख सांस्कृतिक आदानप्रदान कार्यक्रम सुरु गरेका छन्। चीनको राष्ट्रिय रेडियो तथा टेलिभिजन प्रशासनका उपप्रमुख ले युचेङ, रुसका डिजिटल विकास, सञ्चार तथा आमसञ्चार उपमन्त्री बेला चेर्केसोवा र चीनका लागि रुसी राजदूत इगोर मोरगुलोभले एक समारोहकाबीच भिडियो सन्देश दिएका थिए। "चीन-रुस श्रव्यदृश्य सञ्चार सप्ताह-२०२२" मा दुई देशका श्रव्यदृश्य कृतिहरू एकअर्काको भाषामा अनुवाद गरी एकअर्काको देशमा प्रसारण गरिनेछ। कार्यक्रममा चिनियाँ र रुसी युवा गायकहरूका लागि अनलाइन गाला (प्लेटफर्म), छोटो भिडियो प्रतियोगिता र एनिमेसन व्यवसायका फर्महरूका लागि लाभदायक हुने सेमिनार पनि समावेश हुनेछन्।

# इरानीद्वारा इराकमा कुर्द समूहमाथि हमला गरेको पुष्टि

तेहरान, ५ मङ्सिर, (रासस-एएफपी)।

इरानको रिभोलुसनरी गार्ड्सले सोमबार उनीहरूले इराकमा कुर्दिश इरानी विपक्षी समूहहरूलाई "पृथकतावादी-इरानी विरोधी आतङ्कवादी समूह" भन्दै रातभर सीमापार क्षेप्यास्त्र र ड्रोन हमला गरेका छन्। उनीहरूले विज्ञप्तिमा भनेका छन्, "क्रान्तिकारी गार्डहरूको भूमि बलद्वारा मिसाइल र ड्रोन आक्रमणको नयाँ शृङ्खलाको बिहानदेखि नै ती समूह निशाना बनेका छन्।" इरानको रिभोलुसनरी गार्ड्सले हालैका दिनमा आक्रमणलाई तीव्रता दिएका छन्।

# आसियन संसद्का प्रमुखहरू कम्बोडियामा भेला

नोम पेन्ह, ५ मङ्सिर, (रासस-सिन्ह्वा)।

दिगो, समावेशी रबलियो क्षेत्र प्रवर्द्धन गर्ने उपायबारे छलफल गर्न दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) का संसदीय नेताहरू सोमबार यहाँ जम्मा भएका छन्। आसियान अन्तर-संसदीय सभा (४३औं एआईपीए) को ४३औं महासभाको उद्घाटन समारोहलाई दिएको शाही सन्देशमा कम्बोडियाका राजा नोरोदोम सिहामोनीले अन्तर-संसदीय कूटनीति, साझेदारी र सहयोग विस्तार र यस क्षेत्रको दिगो शान्ति र समृद्धि प्रवर्द्धन गर्न संसदीय कूटनीति, साझेदारी र सहयोग महत्वपूर्ण हुने बताउनुभएको छ। "यस हप्ताको आइपाको ४३औं महासभाको भेलाले हाम्रो क्षेत्रको लागि अझ शान्त र समृद्ध भविष्य प्राप्त गर्न वर्तमान चुनौती पार गर्न एकता र प्रतिबद्धताको वास्तविक भावना प्रतिबिम्बित गर्दछ," राजाले भन्नुभयो। "त्यस भविष्य प्राप्त गर्न हामीले राष्ट्रिय र क्षेत्रीय विकास प्रयासहरू दिगोपन, समावेशीता र लचिलोपनको अवधारणासँग राम्रोसँग मिलोजुल्दो छ भनी सुनिश्चित गर्नुपर्छ," उहाँले थप जोड दिँदै भन्नुभयो।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै कम्बोडियाका प्रधानमन्त्री सम्देच टेको हुन सेनले विश्वले भू- राजनीतिक गलगायत थुप्रै चुनौतीको सामना गरिरहेको बताउँनुभएको छ। राजनीतिक प्रतिस्पर्धा, युद्ध, व्यापार र आर्थिक ध्रुवीकरण, जलवायुपरिवर्तन र प्राकृतिक प्रकोपहरू लगायतका थुप्रै चुनौती आजका मुख्य चुनौती हुन् उहाँले भन्नुभयो। हुन सेनले ४३औं एआईपीएले एआईपीए प्रतिनिधिहरूलाई एकतामा सहयोग सुदृढ गर्ने र यस क्षेत्रका जनताको हितका लागि नीतिगत सिफारिसहरू पहिचान गर्ने साझा उद्देश्यका साथ विस्तृत विषयमा छलफलमा सहभागी हुने अवसर प्रदान गरेको पनि बताउनुभएको छ। कम्बोडियाको राष्ट्रियसभाका अध्यक्ष सम्देच हेङ साम्रिनले यस भेलाले यस क्षेत्रले सामना गर्ने अवरोध र चुनौतीहरूको बीचमा आसियान संसदबीचको ऐक्यबद्धता, मित्रता र निकट सहयोगको बलियो भावना झल्काएको बताउनुभएको छ। आसियान समूहमा ब्रुनाई, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, म्यानमार, फिलिपिन्स, सिङ्गापुर, थाइल्याण्ड र भियतनाम छन्।

# मधेश प्रदेशमा ६७ प्रतिशत मतदान

जनकपुरधाम, ५ मङ्सिर (रासस)। प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि आइतबार भएको निर्वाचनमा मधेश प्रदेशमा ६७ प्रतिशतभन्दा बढी मतदान भएको छ।

नेपाल प्रहरी मधेश प्रदेश कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाले आठवटै जिल्लामा औसत ६७ दशमलव ६९ प्रतिशत मतदान भएको जानकारी दिनुभयो। उहाँका अनुसार धनुषामा ६५ दशमलव ७७, महोत्तरीमा ६२ दशमलव ६४ र सप्तरीमा ६२ प्रतिशत मत खसेको छ। त्यस्तै, सर्लाहीमा ६२ दशमलव १५, रौतहटमा ६७, बारामा ६६ दशमलव ८६, पर्सामा ६९ र सिरहामा ६६ दशमलव ७७ प्रतिशत मत खसेको छ।

छिटपुट घटनाबाहेक मधेश प्रदेशमा निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको पनि प्रवक्ता तिम्सिनाले बताउनुभयो।

मधेश प्रदेशका आठ जिल्लामा ३२ वटा प्रतिनिधिसभा र ६४ वटा प्रदेशसभा सदस्यका लागि भएको निर्वाचनमा १८ लाख २७ हजार ८ सय ५४ जना पुरुष, १५ लाख ५८ हजार सात सय चार र अन्य ७० जना गरी कूल ३३ लाख ८६ हजार छ सय २८ मतदाता रहेका छन्। यहाँ दुई हजार १ सय ५६ मतदानस्थल र चार हजार दुई सय ३५ मतदान केन्द्र रहेका थिए।

# बैतडी जिप दुर्घटनामा चार प्रहरीको मृत्यु

बैतडी, ५ मङ्सिर (रासस)। बैतडीमा प्रहरी बोकेको जिप दुर्घटना हुँदा मृत्यु हुनेको सङ्ख्या चार पुगेको छ। मृत्यु हुनेमा सबै प्रहरी कर्मचारी रहेका छन्।

मृत्यु हुनेमा प्रहरी सहायक हवल्दार अर्जुन कठायत, प्रहरी जवान लोकबहादुर बाठामगर, रमेश साउँद र विर्खबहादुर विष्ट रहेका बैतडीका प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले जानकारी दिनुभयो। लोकबहादुर, रमेश र विर्खबहादुरको घटनास्थलमै मृत्यु भएको हो भने अर्जुनको पाटन प्राथमिक स्वास्थ्य केन्द्रमा मृत्यु भएको हो।

दुर्घटनामा परेर आठ जना प्रहरी र एक चालक घाइते भएका छन्। घाइते हुनेमा प्रहरी हवल्दार गणेश खड्का, प्रहरी सहायक हवल्दार गोपालबहादुर पाल, प्रहरी जवान पुतली खड्का, प्रहरी जवान नरेश कठरिया, आशा धामी, भानु विष्ट, टीकेन्द्र ऐरी, चन्द्रसिंह ठगुन्ना र चालक देवराम महर रहेका छन्।

घाइतेमध्ये गणेश र पुतलीलाई थप उपचारका लागि नेपाली सेनाको हेलिकप्टरमार्फत कोहलपुर पठाइएको प्रजिअ पन्थीले बताउनुभयो। अन्य घाइतेको पाटन प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ।

उपचाररत नरेश, आशा र देवरामको अवस्था पनि गम्भीर रहेकाले उनीहरूलाई पनि थप उपचारका लागि हेलिकप्टरमार्फत पठाउने तयारी भएको जिल्ला प्रशासन कार्यालय बैतडीले जनाएको छ। प्रहरी बोकेको से१ज ८५४ नम्बरको जिप सोमबार बिहान दशरथचन्द राजमार्गअन्तर्गत बैतडीको पाटन नगरपालिका-४ निङ्लाडी खोला भन्ने स्थानमा दुर्घटनामा परेको थियो। जिपमा १२ प्रहरी र एक चालक गरी १३ जना सवार थिए।

जिल्ला सदरमुकाममा मतपेटिका पुऱ्याएर पाटन फर्कंदै गरेको प्रहरी टोली सवार जिप बिहान ७ बजे दुर्घटनामा परेको हो। जिप सडकबाट करिब तीन सय मिटर तल खोलामा खसेको छ। रातभरि मतपेटिका ढुवानी गरिरहेको र चालकलाई अनिदो भएर दुर्घटना भएको हुनसक्ने प्रजिअ पन्थीको भनाइ छ। घटनाको थप अनुसन्धान भइरहेको छ।

# स्थगन भएकामध्ये दुई स्थलमा मतदान जारी

काठमाडौँ, ५ मङ्सिर (रासस)। यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा राजनीतिक विवादका कारण स्थगित भएकामध्ये दुई मतदानस्थलमा सोमबार मतदान भइरहेको छ।

स्थगित भएकामध्ये नवलपरासीपूर्व जिल्लाको देवचुली नगरपालिका-४ स्थित शान्ति सिर्जना आधारभूत विद्यालयमा सोमबारै मतदान कार्य प्रारम्भ भएको छ भने सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका-६ स्थित सिम्ता बहुमुखी क्याम्पस र गुल्मी जिल्लाको कालीगण्डकी गाउँपालिकास्थित भगवती मावि अर्वेनीमा यही मङ्सिर ६ गते मतदान हुने कार्यक्रम रहेको छ।

निर्वाचन आयोगले प्रारम्भिक सूचनामा स्थगित भएका मतदानस्थलको सङ्ख्या १५ भनिएकामा आयोगमा रहेको संयुक्त निर्वाचन परिचालन केन्द्र (जेइओसी) मा प्राप्त पछिल्लो अद्यावधिक जानकारीअनुसार चार वटा मतदानस्थलमा मात्र स्थगित देखिएको छ। स्थगित भएका १५ वटा मतदानस्थलमध्ये बाजुराका ११ वटा मतदान स्थलमा मङ्सिर ४ गते नै राजनीतिक सहमतिबाट पुनःमतदान प्रारम्भ भई मतदान सम्पन्न भएको छ।

स्थगित भएकामध्ये बाजुरा जिल्लाको बूढीनन्दा नगरपालिका-५ स्थित नन्देश्वरी मावि, पीपलचौर मतदान केन्द्रमा मात्रै पुनःमतदानको मिति तय हुन बाँकी रहेको छ।

# बाजुरा त्रिवेणी घटना : गृहमन्त्री निर्देशन

काठमाडौँ, ५ मङ्सिर (रासस)। गृहमन्त्री बालकृष्ण खाणले दुई जनाको मृत्यु र तीन जना घाइते भएपछि असहज भएको बाजुराको त्रिवेणी नगरपालिकामा शान्तिपूर्ण वातावरण बनाउन गृह प्रशासन र सुरक्षा निकायलाई निर्देशन दिनुभएको छ।

गृहमन्त्री खाणले गृहसचिव विनोदप्रकाश सिंह, नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल, मन्त्रालयका सुरक्षा समन्वय महाशाखा प्रमुख सहसचिव फणिन्द्रमणि पोखरेल र बाजुराका प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीलाई असहज परिस्थितिलाई सामान्यीकरण गरी शान्तिपूर्ण अवस्थामा फर्काउन निर्देशन दिनुभएको हो।

आइतबारको निर्वाचनमा मतदान भइरहेको समयमा त्रिवेणी नगरपालिका-७ स्थित नाटेश्वरी आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा प्रहरी र स्थानीयवासीबीच झडप हुँदा गोली लागेर स्थानीय सञ्जीव ऐडीको घटनास्थलमै मृत्यु भएको थियो। त्यसपछि भएको अर्को घटनामा घाइते भएका स्थानीय चेतन ऐडीको बयलपाटा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो।

केन्द्र र जिल्लाको पहलमा अहिले अवस्था बिहानको भन्दा सामान्य रहेको सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रबहादुर विष्टले जानकारी दिनुभयो।

गृह मन्त्रालयका प्रवक्तासमेत रहनुभएका सुरक्षा समन्वय महाशाखा प्रमुख सहसचिव पोखरेलले केन्द्र र जिल्लाको पहलले बाजुराको त्रिवेणीको अवस्था सामान्य बन्दै गएको बताउनुभयो। यसैबीच गृहमन्त्री खाणले बैतडीको पाटनमा मतपेटिका पुऱ्याएर फर्किंदै गरेको प्रहरी सवार जिप दुर्घटना हुँदा चार प्रहरीको मृत्यु र केही घाइते भएको घटनाबारे जानकारी लिँदै घाइतेलाई उचित उपचारको प्रबन्ध मिलाउन निर्देशन दिनुभएको छ।

बैतडीका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख तथा केन्द्रका सुरक्षा प्रमुखहरूसँग यसबारे जानकारी लिँदै उचित उपचारको प्रबन्ध मिलाउन र जिल्लाको स्रोतले नपुग्ने भए मन्त्रालयमा लेखी पठाउन उहाँले आग्रह गर्नुभएको छ।

# मतदान अधिकृत निदाएपछि मतपेटिका छुट्यो

दैलेख, ५ मङ्सिर (रासस)। दैलेखको ठाँटीकाँध गाउँपालिका- २ जनता प्रावि पिपलचौतरा मतदान केन्द्रको मतपेटिका ल्याउन छुटेको छ। मतदान अधिकृत निदाएका कारण प्रहरी चौकी ठाँटीकाँधमै छुटेपछि त्यहाँ विवाद भएको छ। मतदान अधिकृत ज्वालाप्रसाद खनालले प्रहरी चौकीमा चारवटा मतपेटीका राखेर सङ्कलन गर्ने र गाडी नआउन्जेल आफू एकछिन सुत्छु भन्दै उहाँ निदाउनुभएको थियो। मतदान अधिकृत निदाएसँगै मतपेटिका चौकीमै छुटेको थियो।

उक्त मतपेटिका क्षेत्र नम्बर २, दुल्लुस्थित मतगणनास्थलमा ल्याउनुपर्ने थियो। मुख्य निर्वाचन अधिकृत सरोजनिधि वाग्लेका अनुसार उहाँ खाना खाएर एक छिन सुत्छु भन्नुभएछ। यो मतदान अधिकृतको ठूलै कमजोरी हो तर छुटेको मतपेटीका पुनः ल्याउँन थालिएको छ। मतदान अधिकृतको लापरवाही हो वा जानीजानी गरेको हो बैठकपछि निर्णय गरिने उहाँले बताउनुभयो।

उक्त मतदान केन्द्रमा सात सय मतदातामध्ये चार सय ५८ मत खसेको थियो। अहिले प्रहरी चौकी ठाँटीकाँधमा सबै राजनीतिक दलका प्रतिनिधि उपस्थित हुँदैछन्। राजनीतिक दलका प्रतिनिधिले मतपेटिकाको सिल हेर्ने र त्यसपछि के गर्ने निर्णय हुने बताएका छन्।

# मुस्ताङमा कांग्रेसका योगेश विजयी

मुस्ताङ, ५ मङ्सिर (रासस)। मुस्ताङबाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका योगेश गौचन थकाली निर्वाचित हुनुभएको छ।

निवर्तमान सांसद नेकपा (एमाले)का केन्द्रीय सदस्य प्रेमप्रसाद तुलाचनलाई नौ सय १४ मतान्तरले पछि पार्दै २९ वर्षीय गौचन प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो।

मुख्य निर्वाचन अधिकृत ईश्वर पराजुलीले गौचनले तीन हजार नौ सय ९२ र एमालेका तुलाचनले तीन हजार ७८ मत प्राप्त गरेका जानकारी दिनुभयो। राष्ट्रिय स्वतन्त्र पार्टीका सुदेश गुरुङले ८७ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रवीणकुमार शेरचनले १३ मत प्राप्त गर्नुभएको छ।

आइतबार भएको चुनावमा मुस्ताङमा १० हजार नौ सय ५७ मतदातामध्ये सात हजार दुई सय ३० अर्थात् ६५ दशमलव ९८ प्रतिशत मत खसेको थियो। योगेश सम्भवतः कान्छो प्रतिनिधिसभा सदस्य बन्नुहुनेछ। गौचन मुस्ताङको थासाङ गाउँपालिका-३ लेते कालोपानीका बासिन्दा हुनुहुन्छ।

एड्स तथा यौन रोगबाट बच्न र बचाउन
➤सुरक्षित यौन सम्पर्क गरौं।
➤यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं।
➤जीवाणुरहित सुईको मात्र प्रयोग गरौं।
➤एच.आई.भि. नियमित परीक्षण गरौं ।
➤यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS Money Transfer
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np